TRIBHUVAN UNIVERSITY
INSTITUTE OF ENGINEERING
**PULCHOWK CAMPUS**
PULCHOWK, LALITPUR

मिति: २०७२।०९।१३

# स्नातकोत्तर (M. Sc.) तहमा रिक्त स्थानमा भर्नाका लागि पुनः आवेदन सम्बन्धी सूचना ।

शैक्षिक वर्ष २०७२।७३ मा यस क्याम्पसको स्नातकोत्तर (M. Sc.) तहका केही कार्यक्रमहरुमा भर्ना नभइ तथा भर्ना रद्द भइ निम्नानुसार स्थान रिक्त रहन गएको तथा भर्ना रद्द गरि थप स्थान रिक्त हुन गएमा ती सबै स्थानहरूमा भर्ना हुन चाहने आवेदकहरूको लागि पुन: आवेदन फाराम भर्न यो सूचना प्रकाशन गरिएको छ ।

- पुन: आवेदनका लागि २०७२ पौष १४ गते ११:०० बजेदेखि २:०० बजेभित्र पुल्चोक क्याम्पसको सूचना प्रविधि केन्द्रमा उपलब्ध फाराम भरी बुझाउनु पर्नेछ । फाराम शुल्क प्रति विषय २००।- का दरले लाग्नेछ तर Mechanical Department अन्तर्गत सञ्चालित स्नातकोत्तर कार्यक्रमहरू भर्ना हुन इच्छुक आवेदकहरूले Aptitude Test का लगि परीक्षा दस्तुर थप शुल्क रु ५००।- लाग्नेछ ।
- **इन्जिनियरिङ अध्ययन संस्थानद्वारा लिइएको स्नातकोत्तर (M. Sc.) तहको प्रवेश परीक्षा २०७२ मा सम्मिलित भई उत्तीर्ण भएकाहरु मध्येबाट निम्न बमोजिम आवेदकहरूले पुन: आवेदन दिन सक्नेछन्** :

  क) यस क्याम्पसमा यस भन्दा पहिलेका भर्ना कार्यक्रमहरूमा फाराम भर्न छुट भएकाहरु ।

  ख) यस क्याम्पसमा यस भन्दा पहिलेका भर्ना कार्यक्रमहरूमा फाराम भरि नाम प्रकाशित नभएकाहरु ।

  ग) कुनै पनि सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरू ।

  घ) कक्षा सुरु भइसकेको हुँदा, इ. अ. सं. का क्याम्पसका कुनै पनि कार्यक्रममा भर्ना नभएकाहरू ।

- **हाल रिक्त सिट संख्या**

| S. N. | Program Name | | Vacant Seats |
|---|---|---|---|
| 1. | Environmental Engineering | Full Fee | 1 |
| 2. | Disaster Risk Management | Full Fee | 1 |
| 3. | Technology and Innovation Management | Regular | 1 |
| 4. | Technology and Innovation Management | Full Fee | 3 |
| 5. | Energy System Planning and Management | Regular | 1 |
| 6. | Energy System Planning and Management | Full Fee | 1 |
| 7. | Urban Planning | Full Fee | 1 |
| 8. | Energy for Sustainable Social Development | Full Fee | 3 |
| 9. | Climate Change and Development | Full Fee | 4 |
| 10. | Material Science | Full Fee | 5 |

हाल सम्म उपरोक्त बमोजिम रिक्त स्थान भएतापनि सूची प्रकाशन पूर्व कुनै भर्ना रद्द भई थप स्थान रिक्त रहन गएमा सो रिक्त स्थान समेत संलग्न गरि सूची प्रकाशन गरिनेछ ।

- भर्ना भइसकेका आवेदकहरुले भर्ना रद्द गरेको खण्डमा निज भर्ना भएको कार्यक्रममा स्थान रिक्त हुन आउन सक्नेछ । तसर्थ आफूलाई इच्छा लागेका सबै कार्यक्रमहरुमा प्राथमिकता राख्न सूचित गरिन्छ ।
- कुनै कार्यक्रमको नियमित तर्फको रिक्त रहेको स्थानमा भर्ना सूची प्रकाशन गर्दा सोही कार्यक्रममा पूर्णशुल्किय तर्फ भर्ना भइसकेका विद्यार्थीको योग्यताक्रम भन्दा कम मात्र योग्यताक्रम भएका आवेदकहरूको आवेदन परेको खण्डमा भर्ना भइसकेका पूर्णशुल्किय तर्फका विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गर्ने गरी पूर्णशुल्किय कार्यक्रमका लागी भर्ना सूची प्रकाशन गरिनेछ र भर्ना सूची अनुसारका आवेदक पूर्णशुल्किय कार्यक्रममा भर्ना भइसकेको खण्डमा मात्र यस अघि भर्ना भइसकेको विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गरिनेछ ।
- उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार निम्न भर्ना कार्यक्रम अनुसारका सूची प्रकाशन गरिनेछ ।

## स्नातकोत्तर (M. Sc.) तहको पुन आवेदनको भर्ना कार्यक्रम

| सि. नं. | कार्यक्रम | | मिति र समय |
|---|---|---|---|
| १. | आवेदन फाराम भर्ने | : | २०७२/९/१४ गते बिहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म। |
| २. | Aptitude परीक्षा संचालन | : | २०७२/९/१५ गते बिहान ११:०० बजे । |
| ३. | Aptitude परीक्षाको नतिजा | : | २०७२/९/१५ गते साँझ ६:०० बजे । |
| ४. | चौथो सूची प्रकाशन | : | २०७२/९/१६ गते बिहान १०:०० बजे । |
| ५. | चौथो सूची उपर दाबि विरोध | : | २०७२/९/१६ गते बिहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| ६. | संशोधित चौथो सूची प्रकाशन | : | २०७२/९/१६ गते साँझ ६:०० बजे । |
| ७. | चौथो सूचीको भर्ना | : | २०७२/९/१७ गते बिहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| ८. | पाँचौं सूची प्रकाशन | : | २०७२/९/१८ गते बिहान १०:०० बजे । |
| ९. | पाँचौं सूची उपर दाबि विरोध | : | २०७२/९/१८ गते बिहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १०. | संशोधित पाँचौं सूची प्रकाशन | : | २०७२/९/१८ गते साँझ ६:०० बजे । |
| ११. | पाँचौं सूचीको भर्ना | : | २०७२/९/१९ गते बिहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १२. | यस पछिका भर्ना कार्यक्रमका लागि सूचना | : | २०७२/९/२० गते । |

**द्रष्टब्य :**

- **मेकानिकल विभागका कार्यक्रमका लागि यस अघि लिइएको झुकाव परीक्षा (Aptitude Test) मा उत्तीर्ण भएका आवेदकहरु झुकाव परीक्षा (Aptitude Test) मा पुनः सम्मिलित हुनु पर्ने छैन ।**
- **उपरोक्त कार्यकमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यकमहरु यथावत रहने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।**

भर्ना समिति २०७२
पुल्चोक क्यामपस